**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**


# स्थानीय राजपत्र

खण्ड ८ संख्या १३ मितिः २०८१।११।२९


भाग-२
जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ 'ज' मा विद्यालय शिक्षाको छात्रवृत्ति व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) बमोजिम विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यस अघि संस्थागत विद्यालयहरुले प्रदान गर्दै आएको न्यूनतम दश प्रतिशत छात्रवृत्तिलाई संघीयताको मर्म अनुरुप थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा मितव्ययी बनाउन तथा विद्यालयले प्रदान गर्ने छात्रवृत्तिलाई एकरुपता कायम गर्न, समयासपेक्ष छात्रवृत्ति वितरण प्रणालीको विकास गरी जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिहरुले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न र छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी तथा लक्षित वर्गकोप पहुँचमा पुऱ्याउन आवश्यक देखिएकोले जनकपुरधाम उप-महानगरपालिका शिक्षा ऐन, २०७७ (संसोधन समेत) को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०८१ रहेको छ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

१.३ यो कार्यविधि जनकपुरधाम उप-महानगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरूको हकमा मात्र लागू हुनेछ।

## परिच्छेद-२

**२. परिभाषाः विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा,**

(क)**"मन्त्रालय"** भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई जनाउँछ ।

(ख)**"विद्यालय"** भन्नाले प्रचलित कानून बमोजिम संस्थागत विद्यालयको रूपमा नर्सरी देखि कक्षा १२ सम्म अनुमति लिएका विद्यालयलाई जनाउँछ, साथै सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रूपमा अनुमति प्राप्त गरी सरकारी अनुदान नपाउने गरी सञ्चालित विद्यालयहरूलाई समेत जनाउँछ ।

(ग)**"छात्रवृत्ति"** भन्नाले तोकिएको आधार अनुसार छनोट भएका विद्यार्थीहरूलाई विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाउँछ ।

(घ)**"उप-महानगरपालिका"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकालाई सम्झनुपर्छ ।

(ङ)**"कार्यपालिका"**भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च)**"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ)**"शिक्षा तथा खेलकुद विकास महाशाखा प्रमुख"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको शिक्षा तथा खेलकुद विकास महाशाखा प्रमुखलाई सम्झनुपर्छ ।

(ज)**"छात्रवृत्ति व्यवस्थापन समिति"** भन्नाले दफा ४.१ बमोजिम गठित समितिलाई बुझिन्छ ।

## परिच्छेद-३

**३. उद्देश्य : यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन्**

(क) छात्रवृत्ति वितरणलाई पारदर्शी र व्यवस्थित बनाउनु ।

(ख) लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

(ग) छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरुको भूमिका स्पष्ट पार्नु ।

(घ) प्रचलित ऐन कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु ।

(ङ) छात्रवृत्ति वितरण प्रणालीमा एकरुपता कायमा राखु ।

## परिच्छेद-४

**४.१ छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः**

क) जनकपुरधाम उप-महानगरपालिकामा देहायका पदाधिकारीहरू रहेको एक छात्रवृत्ति व्यवस्थापन समिति गठन हुनेछ।

(क) नगर शिक्षा समितिका अध्यक्ष - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) कार्यपालिकाका सदस्यमध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना महिला सदस्य - सदस्य

(च) दलित वा अपाङ्गता वा मानवीय सेवाको क्षेत्रमा काम गर्ने संघ संस्थामध्येबाट समितिले मनोनयन गरेको एकजना - सदस्य

(छ) शिक्षा तथा खेलकुद विकास महाशाखा प्रमुख - सदस्य सचिव

(ख) दफा ४.१ (क)बमोजिम गठित समितिले संस्थागत विद्यालयका संगठनहरुका प्रतिनीधिलाई आमन्त्रित सदस्यका रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**४.२ बैठक सम्बन्धी कार्यविधिः** दफा ४.१ (क) बमोजिम गठित समितिमा मनोनित पदाधिकारीको कार्य अवधि तीन वर्षको हुनेछ । मनोनित पदाधिकारीले पदीय दायित्व पूरा नगरेमा मनोनित गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

**४.३ छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

यस कार्यविधिमा अन्यत्र उल्लेख गरिए बाहेक छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी नीति निर्माण गर्ने,

(ख) भर्ना भएका विद्यार्थी संख्याको आधारमा तोकिए बमोजिमको प्रतिशतले हुन आउने छात्रवृत्तिको कोटा निर्धारण गर्नका लागि आवश्यक व्यवस्था मिलाउने,

(ग) विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले सञ्चालन गर्ने छात्रवृत्ति छनोट परीक्षानिर्धारण गर्ने,

(घ) विद्यालयहरूले प्रदान गरेको छात्रवृत्ति लक्षित वर्गले पाए नपाएको अनुगमन गर्ने गराउने,

(ङ) विद्यालय छात्रवृत्ति वितरण समितिले सिफारिस गरेका विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी उचित र न्यायसंगत रूपमा समस्याको टुङ्गो लगाउने ।

(च) प्रचलित कानून अनुसार विद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति विद्यार्थीहरूले पाए नपाएको अनुगमन तथा निरीक्षण गरी सो बमोजिम नगरेको पाइएमा कानूनबमोजिम कारवाही गर्ने ।

(छ) विद्यालय मार्फत वा उप-महानगरपालिका मार्फत तोकिएबमोजिमका विद्यार्थी छात्रवृत्ति कोटामा छनोटका लागि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने/गराउने ।

(छ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**४.४ विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिः**

विद्यालयबाट हुने छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न देहायका सदस्यहरू रहेको एक छात्रवृत्ति वितरण समितिको गठन गर्नु पर्नेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा विद्यालय व्यवस्थापन समिति रिक्त भएमा सञ्चालक समितिको अध्यक्ष वा निजले तोकेको सञ्चालक समितिको सदस्य - संयोजक

(ख) विद्यालयमा रहेको शिक्षक अभिभावक संघको अध्यक्ष वा अभिभावक संघ रिक्त भए समितिले तोकेको एकजना अभिभावक प्रतिनिधि - सदस्य

(ग) प्रधानाध्यापकले तोकेको एक जना शिक्षक - सदस्य

(घ) जनकपुरधाम उप-महानगरपालिका शिक्षा तथा खेलकुद विकास महाशाखाको प्रतीनीधि कर्मचारी - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**४.५ बैठक सम्बन्धी कार्यविधिः** दफा ४.७ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

**४.६ विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकारः**

(क) छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार अघिल्लो शैक्षिक सत्रमा भर्ना भएका वा चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी संख्या एकिन भइसकेको भए सो विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति कोटा निर्धारण गर्ने

(ख) विद्यालयबाट हुने छात्रवृत्ति वितरणका लागि अनुसुची १ र २ बमोजिमको ढाँचामा आवेदन संकलन गर्ने

(ग) विद्यालयबाट हुने छात्रवृत्ति छनोट परीक्षा/वितरणको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने

(घ) परीक्षा सञ्चालन भएको मितिले एक हप्ता भित्र नतिजा प्रकाशन गरी विद्यालयलाई सिफारिस गर्ने

(ङ) छनोट हुने विद्यार्थीहरूको हकमा कक्षागत र आरक्षित समूहको योग्यताक्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली तयार गरी सम्बन्धित विद्यार्थीलाई जानकारी गराउने ।

(च) परिच्छेद पाँच को ५.१ को बुँदा (ख) अनुसारको अवस्था भए नभएको एकीन गर्ने ।

(छ) छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको नाम नामेसी विवरण शैक्षिक शत्र शुरू भएको साठी दिनभित्र सो को प्रतिवेदन जनकपुरधाम उप-महानगरपालिकाशिक्षा तथा खेलकुद विकास महाशाखामा अनिवार्य रूपमा बुझाउने ।

(ज) छात्रवृत्तिका सम्बन्धमा माथिल्लो निकायले दिएको निर्देशानुसार काम गर्ने ।

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

## परिच्छेद-५

### ५.१ छात्रवृत्ति कोटासम्बन्धी व्यवस्थाः

(क) विद्यालयले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा ३ बमोजिम तथा प्रचलित शिक्षा नियमावली बमोजिम आफ्नो विद्यालयमा अध्ययनरत कुल विद्यार्थी संख्या५०० सम्म भएकोमा न्यूनतम १० प्रतिशत, ५०१ देखि ८०० सम्म विद्यार्थी संख्या भएकोमा न्यूनतम १२ प्रतिशत तथा८०१ देखि १००० वा भन्दा बढी विद्यार्थी संख्या भएकोमा १५ प्रतिशत कोटा छात्रवृत्तिकोलागि छुट्टयाउनु पर्नेछ। यसरी छुट्याइएको छात्रवृत्ति कोटा आधारभूत तथा माध्यमिक तह (नर्सरी देखि कक्षा १२ सम्म) को प्रत्येक कक्षाको लागि विद्यार्थी संख्याको आधारमादश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नु पर्नेछ। कुन कक्षाको कोटा कुन आरक्षित वर्गको लागि हो भन्ने विषय स्वघोषणागर्ने अधिकार परीक्षा सञ्चालन गर्ने समिति/वितरण समितिलाई हुनेछ ।

(ख) विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले कक्षागत कोटा र आरक्षित कोटाको जानकारी शिक्षा तथा खेलकुद विकास महाशाखालाई उपलब्ध गराउनु पर्नेछ ।

### ५.२ छात्रवृत्तिमा विद्यार्थी छनोट गर्ने प्रकियाः

(क) छात्रवृत्ति व्यवस्थापन समितिले विद्यालयबाट प्रस्तावित कोटालाई एकीन गरी वा गर्न लगाई शैक्षिक शत्रशुरू भएको एक महिना भित्र विद्यालयमार्फत सूचना जारी गर्न लगाइ वा उप-महानगरपालिकाबाट सूचना जारी गर्ने गरी आवेदन लिने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) यस कार्यविधि जारी भएको शैक्षिक सत्र २०८१ का लागि कार्यविधि जारी भए पश्चात दफा ५.२ को (क) बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) उप-महानगरपालिकाको छात्रवृत्ति परीक्षा व्यवस्थापनसञ्चालक समिति वा विद्यालयको विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले यसरी प्राप्त आवेदनहरू छानविन गरी आवेदकहरूको सूची प्रकाशन गर्ने/गराउने र छात्रवृत्तिमा छनौट गर्नको लागि परीक्षाको मिति तय गरी परीक्षा सञ्चालन गर्ने र तोकिएको आरक्षणको परिधिमा रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्ने गराउने कार्य गर्नुपर्नेछ ।

(घ) नतिजा प्रकाशन गर्दा छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु वा आमाको नाम, थर, वतन सहितको नामावली विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी विद्यालयको वेभसाईट भएमा त्यसमा समेत सार्वजनिक गर्नु पर्नेछ । विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ।

### ५.३ परीक्षाको किसिमः

(क) छात्रवृत्ति छनौटकोलागि हुने लिखित परीक्षा एक सय पूर्णाङ्कको हुनेछ। जसमा छात्रवृत्ति छनोट हुने कक्षा भन्दा एक कक्षा मुनिको पाठ्क्रममा आधारित अनिवार्य विषयबाट समानुपातिक रुपमा ९० अंक र सामान्य ज्ञानबाट १० अंकमा आधारित प्रश्नपत्र निर्माण गरी सञ्चालन हुनेछ। एक प्रश्नको अंकभार दुइ रहनेछ । छात्रवृत्तिका लागि सञ्चालन गरिएको लिखित परीक्षामा उत्तीर्ण हुन न्युनतम चालिस अंक ल्याउनुपर्नेछ । जनकपुरधाम उप-महानगरपालिका वा विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले कक्षा तीन भन्दा तल्लो कक्षामा वा आवश्यकता अनुसार अन्य कक्षामा परीक्षाको अन्य साधनहरू निर्माण गरी परीक्षा सञ्चालन गर्न सक्नेछ । तोकिएको कोटाभित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरूलाई अन्तरवार्ता अथवा स्वत छनोटको आधारमा छनोट गर्न सकिनेछ ।

**५.४ छात्रवृत्ति नपाउने अवस्था**

(क) कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन् ।

(१) जम्मा बिद्यालय खुलेको दिनको असी प्रतिशत हाजिरी नभएमा,

(२) कानूनले तोकेभन्दा कम उमेरमा विवाह गरेमा,

(३) कक्षा उत्तिर्ण गर्न नसकेमा,

(४) गलत वा झुठ विवरण भरेको प्रमाणित भएमा,

(५) शिक्षा नियमावली र विद्यालयले तयार गरेको आचारसंहिता उल्लघंन गरेको प्रमाणित भएमा,

(ख) दफा ५.४ को बुँदा नं. एक, दुई र तीन सम्बन्धी व्यवस्था कार्यान्वयनको अधिकार विद्यालयबाट हुनेछ भने बुँदा नं. ४ र ५ को व्यवस्था बमोजिम छात्रवृत्ति रद्द गर्नुपर्ने भएमा विद्यालयको सिफारिसमा छात्रवृत्ति व्यवस्थापन समितिबाट गर्नुपर्नेछ ।

## परिच्छेद-६

**६.१ आरक्षण सम्वन्धी व्यवस्थाः**

(क) उप-महानगरपालिका तथा विद्यालयस्तरबाट हुने विद्यार्थी छनोटका लागि कूल आरक्षित छात्रवृत्ति कोटालाई शत प्रतिशत मानी जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, मुस्लिम तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छ ।

(१) जेहेन्दार ३७ प्रतिशत

(२) विपन्नता ३६ प्रतिशत

(३) जनजाति १० प्रतिशत

(४) दलित ५ प्रतिशत

(५) अपाङ्ग ३ प्रतिशत

(६) जनआन्दोलनमा घाइते३ प्रतिशत

(७) शहिद२ प्रतिशत

(८) बेपत्ता परिवारको सन्तत्ति २ प्रतिशत

(९) मधेश आन्दोलनका घाइतेका सन्तत्ति २ प्रतिशत

(ख) वेपत्ता परिवारको सन्तति, मधेश आन्दोलनका घाइतेका सन्तति, शहिदका सन्तती, जन आन्दोलनका घाइतेका सन्ततीको आवेदन परेमा जुन समूहबाट आवेदन परेको छ त्यस समूहबाट प्राथमिकता दिइ बढीमा दुई प्रतिशतसम्म तोकिए बमोजिमको छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) यसरी छुट्टयाइएको प्रत्येक आरक्षित समूहको ५० प्रतिशत अनिवार्य(नियमावलीमा निर्धारण गरिएको) कोटाको प्रतिशत मध्ये अनिवार्य २ प्रतिशत उपलब्ध गराउने कोटा छात्राहरूको लागि सुरक्षित गर्नुपर्नेछ ।

(घ) माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समूहबाट मात्र आवेदन दिन पाउनेछ ।

(ङ) छात्रवृत्ति कोटाको प्राथमिकीकरण गर्दा सबै भन्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेख गरिएको प्राथमिकताक्रम अनुसार हुनेछ ।

(च) कक्षा एधार र बाह्रमा छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा कम्तीमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्रछात्राहरुको लागि छुट्टयाउनु पर्नेछ ।

(छ) दफा ६.१ को ७ मा उल्लेखित अन्य भन्नाले सम्बन्धित विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीका सन्तति, विशेष कारणबाट छात्रवृत्ति प्राप्त गर्नबाट बञ्चित लक्षित वर्गका विद्यार्थी तथा मनासिफ कारण खुलाई निश्चित मापदण्डका आधारमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट छात्रवृत्तिका लागि सिफारिस गरेको विद्यार्थीलाई मानिनेछ ।

६.२ माथि उल्लेखित कोटामा कुनै आवेदन नपरेमा वा आवेदन परेर पनि कनै परीक्षार्थी उत्तिर्ण हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा छात्रवृत्ति व्यवस्थापन समिति वा छात्रवृत्ति वितरण समितिको निर्णय बमोजिम अन्य धेरै आवेदन परेको कोटामा परिणत गर्न सकिनेछ ।

## परिच्छेद-७

### ७.१ विविधः

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

(क) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि नियमावली, २०७७ को नियम ८ बमोजिम छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरुलाई विद्यालयलेभर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन पाइने छैन ।

(ख) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूबाट विद्यालयले निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात जस्ता कुनै पनि शुल्क लिन पाइने छैन ।

(ग) छात्रवृत्ति परीक्षा व्यवस्थापन समितिले खास तह वा कक्षामा शैक्षिक सत्र सुरु हुनु अगावै छात्रवृत्ति छनोट प्रक्रिया सुरु गरी शैक्षिक सत्रको प्रारम्भमा नै छात्रवृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) दफा ५.४ को अवस्था नभएमा कक्षा नर्सरीमा छनोट भएको विद्यार्थीले कक्षा युकेजी सम्म, कक्षा १ मा भर्ना भएको विद्यार्थीले कक्षा ५ (पाँच) सम्म, कक्षा ६ (छ) मा भर्ना भएको विद्यार्थीले कक्षा ८ (आठ) सम्म, कक्षा ९ (नौ) मा भर्ना भएको विद्यार्थीले कक्षा १० (दश) सम्म र कक्षा ११ (एधार) मा भर्ना भएको विद्यार्थीलेकक्षा १२ (बाह्र) सम्म छात्रवृत्ति पाउनेछ । तर कक्षा प्रथम र द्वितीय भए बापत पाएको जेहन्दार छात्रवृत्तिको हकमा यो व्यवस्था लागु हुने छैन ।

(ङ) दफा ७.१ को (ङ) बमोजिम छात्रवृत्तिमा छनोट भएका विद्यार्थीको कोटा कुनै कारणवश रिक्त भएमा तथा विद्यार्थी संख्या बढ्न गइ छात्रवृत्ति कोटा थप भएमा छात्रवृत्ति पाइरहेका विद्यार्थी बाहेकका विद्यार्थी सँग आवेदन माग गरी यस कार्यविधि बमोजिम छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।

(च) विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिलाई आवश्यक सहजीकरण गर्न तथा उप-महानगरपालिका भित्र सञ्चालित विद्यालयमा हुने छात्रवृत्ति परीक्षालाई व्यवस्थित गर्न छात्रवृत्ति व्यवस्थापन समितिले छनोट परीक्षा सञ्चालन मिति, प्रश्नपत्र निर्माण, छनोटका अन्य मापदण्ड निर्माण लगायतका विषयमा एकरुपता कायम गर्न सक्नेछ ।

(छ) छात्रवृत्तिलाई व्यवस्थित गर्न यस कार्यविधिको प्रतिकूल नहुने गरि आवश्यक विनियमहरु तर्जुमा गरि कार्यान्वयन गर्ने ।

(ज) छात्रवृत्तिको सम्बन्धमा तालुक निकायले दिएको निर्देशानुसार कार्य गर्ने/गराउने ।

७.२ **जिम्मेवार हुनुपर्ने** : जनकपुरधाम उप-महानगरपालिका वा विद्यालय तहको छात्रवृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउने, कोटा एकीन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन तथा सिफारिस लगायतका काम समय मै सम्पन्न गर्नको लागि जनकपुरधाम उप-महानगरपालिकाको हकमा शिक्षा तथा खेलकुद विकास महाशाखा प्रमुख तथा विद्यालयको हकमा विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी रहनेछ ।

७.३ **अनुसूचीमा हेरफेरः** यस अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरू थप गर्न आवश्यक देखिएमा जनकपुरधाम उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम आफ्नो क्षेत्रको लागि अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ ।

७.४ **पुनरावेदन दिन सकिनेः** विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सो को जानकारी पाएको मितिले सात दिनभित्र जनकपुरधाम उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समिति समक्ष पुनरावेदन दिन सक्नेछ ।

७.५ **निर्णय अन्तिम हुनेः** दफा ७.४ बमोजिम प्राप्त पुनरावेदनमा छात्रवृत्ति व्यवस्थापन समितिले गरेको निर्णय अन्तिम हुने छ ।

७.६ **दण्ड तथा जरिवानाः** विद्यालयले यस कार्यविधि बमोजिम विद्यार्थी छनोट नगरेमा वा छनोट भएका विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्ति प्रदान नगरेको पुष्टि भएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

७.७ **बचाउः**

१) यस कार्यविधि तयार हुनु पूर्व छात्रवृत्ति छनौटका लागि भए गरेका काम कार्वाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

२) यस कार्यविधिमा उल्लेख भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भएको तथा उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

३) यस कानून सँग बाँझिएको बुँदाहरु बाँझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

पासपोर्ट साइजको फोटो र उम्मेदवारको हस्ताक्षर

## अनुसूची१
## छात्रवृत्तिको लागि दरखास्त फारम

जनकपुरधाम उप-महानगरपालिका ।

जनकपुरधाम उप-महानगरपालिका शिक्षा ऐन,२०७७ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, शिक्षा ऐन, २०२८ (संशोधन सहित) तथा अन्य प्रचलित कानूनमा भएको व्यवस्था बमोजिमको कक्षा ...................... मा निजी/संस्थागत विद्यालयवाट विद्यार्थीहरूको लागि प्रदान गरिने छात्रवृत्ति कार्यक्रममा म सम्मिलित हुन ईच्छुक भएकोले छात्रवृत्तिको लागि फारम भरी आवश्यक प्रमाण तथा कागजातहरु यसैसाथ संलग्न पेश गरेको छु।

१. विद्यार्थीको पूरा नाम, थर(देवनागरीमा):
२. NAME IN ENGLISH (IN BLOCK LETTER):
३. अध्ययन गर्न चाहेको विद्यालयको नाम:
४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने):
जेहेन्दार ☐ विपन्नता ☐ जनजाति ☐ दलित ☐ अपाङ्गता ☐ मुस्लिम ☐ अन्य ☐
५. जन्ममिति वि.सं. ............................ ई.सं. ............................
६. लिङ्ग:पुरुष ☐ महिला ☐ अन्य ☐
७. ठेगाना:क) स्थायीः क) प्रदेशः ख) जिल्लाः ग) स्थानीय तहः घ) टोल
ख) अस्थायीःक) प्रदेशः ख) जिल्लाः ग) स्थानीय तहः घ) टोल
८. बुवाको नाम, थरः .................................... पेशाः ......................................
९. आमाको नाम, थरः .......................................... पेशाः ..................................
१०. बाजेको नाम, थरः ....................................... पेशाः .......................................
११. पारिवारिक आम्दानीको श्रोतः कृषि/नोकरी/व्यापार/अन्य
१२. आम्दानीको अनुमानित विवरण रकममाः
१३) विद्यार्थीको सम्पर्क नम्बरः
१४. SEE उत्तीर्ण गरेको विद्यालयको प्रकार (सामुदायिक/संस्थापक)
१५. कक्षा ११ का हकमा अध्ययन गर्न चाहेको विषय समूहः
१६. SEE को सिम्बल नम्बर: १७.SEE मा प्राप्त गरेको जि.पी.ए.:
१८. SEE उत्तीर्ण वाअघिल्लो कक्षा उत्तीर्ण गरेको विद्यालयको नाम ठेगानाः

उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सहुँला, बुझाउँला।

<u>निवेदक</u>

नामः
सहीः
मितिः

**संलग्न गर्नु पर्ने कागजातहरुः**

- कक्षा ११ र १२ का लागि SEE लब्धाङ्कपत्रको प्रतिलिपि ।
- सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेको भए सो खुल्ने कागजात स्थानीय तहले प्रमाणित गरेको ।
- नेपाली नागरिकताको प्रमाण/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- अपांग छात्रवृत्तिको लागि अपांतासम्बन्धी परिचयपत्रको प्रतिलिपि ।
- दलित तथा जनजाति छात्रवृत्तिको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस ।
- विपन्नता छात्रवृत्तिका लागि विपन्नता परिचय पत्र सो जारी नभएको भए वडा कार्यालयको सिफारिस ।
- शहिदका छोराछोरीका लागि नेपाल सरकार/तोकिएको निकायबाट प्राप्त भएको प्रमाणित कागजात ।
- जनआन्दोलन तथा मधेश आन्दोलनका घाइतेका सन्तति, वेपत्ता परिवारको सन्तति तथा शहिद परिवारको सन्ततिको हकमा नेपाल सरकार/तोकिएको निकायबाट प्राप्त भएको प्रमाणित कागजात ।
- पासपोर्ट साइजको फोटो (३ प्रति) ।

## अनुसूची २
## (दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

**अनुसूची २**
**जनकपुरधाम उप-महानगरपालिका**
**कक्षा .................... को छात्रवृत्ति छनौट परीक्षा- २०८........**
**<u>प्रवेश पत्र</u>**

पासपोर्ट
साइजको फोटो
र उम्मेदवारको
हस्ताक्षर

१. विद्यार्थीको पूरा नाम, थर (देवनागरीमा):
२. NAME IN ENGLISH (IN BLOCK LETTER):
३. अध्ययन गर्न चाहेको विद्यालयको नामः कक्षाः
४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने):
जेहेन्दार ☐ विपन्नता ☐ जनजाति ☐ दलित ☐ अपाङ्गता ☐ मुस्लिम ☐ अन्य ☐
५. जन्म मिति वि.सं. ................................ ई.सं. ..............................
६. लिङ्गः पुरुष ☐ महिला ☐ अन्य ☐
७. विद्यार्थीको सम्पर्क नम्बरः
८. SEE उत्तीर्ण गरेको विद्यालयको प्रकार (सामुदायिक/संस्थापक):
९. कक्षा ११ का हकमा अध्ययन गर्न चाहेको विषय समूहः
१०. SEE को सिम्बल नम्बरः
११. SEE उत्तीर्ण वा अघिल्लो विद्यालय उत्तिर्ण गरेको विद्यालयको नाम ठेगानाः
१२. SEE मा प्राप्त गरेको जि.पी.ए.:

परीक्षार्थीको दस्तखतः
तोकिएका सर्त नपुगेको ठहर जुनसुकै समयमा यो प्रवेशपत्र रद्द हुनेछ ।

**<u>कार्यालयबाट भर्ने:</u>**
यस .................................. बाट मिति २०८.......।........।........ गते लिइने कक्षा .......... को छात्रवृत्ति परीक्षामा निम्न परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ ।
परीक्षा केन्द्रः रोल नम्बरः प्रवेशपत्र प्रमाणित गर्नेको हस्ताक्षरः

---

**जनकपुरधाम उप-महानगरपालिका**
**कक्षा ............ को छात्रवृत्ति छनौट परीक्षा-२०८........**
**<u>प्रवेश पत्र</u>**

पासपोर्ट
साइजको फोटो
र उम्मेदवारको
हस्ताक्षर

१. विद्यार्थीको पूरा नाम, थर (देवनागरीमा):
२. NAME IN ENGLISH (IN BLOCK LETTER):
३. अध्ययन गर्न चाहेको विद्यालयको नामः कक्षाः
४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने):
जेहेन्दार ☐ विपन्नता ☐ जनजाति ☐ दलित ☐ अपाङ्गता ☐ मुस्लिम ☐ अन्य ☐
५. जन्म मिति वि.सं. ................................ ई.सं. ..............................
६. लिङ्गः पुरुष ☐ महिला ☐ अन्य ☐
७. विद्यार्थीको सम्पर्क नम्बरः
८. SEE उत्तीर्ण गरेको विद्यालयको प्रकार (सामुदायिक/संस्थापक):
९. कक्षा ११ का हकमा अध्ययन गर्न चाहेको विषय समूहः
१०. SEE को सिम्बल नम्बरः
११. SEE उत्तीर्ण वा अघिल्लो विद्यालय उत्तिर्ण गरेको विद्यालयको नाम ठेगानाः
१२. SEE मा प्राप्त गरेको जि.पी.ए.:

परीक्षार्थीको दस्तखतः
तोकिएका सर्त नपुगेको ठहर जुनसुकै समयमा यो प्रवेशपत्र रद्द हुनेछ ।

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

<u>कार्यालयबाट भर्नेः</u>

यस ................................ बाट मिति २०८.......।........।........ गते लिइने कक्षा .......... को छात्रवृत्ति परीक्षामा निम्न परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ ।

परीक्षा केन्द्रः                    रोल नम्बरः                    प्रवेशपत्र प्रमाणित गर्नेको हस्ताक्षरः

**उम्मेद्वारले पालना गर्नुपर्ने सर्तहरुः**

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ, प्रवेशपत्र विना परीक्षामा पस्न पाइने छैन ।
२. परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडी जनाउ घण्टी बजेपछी परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ । परीक्षा सुरु भएको २० मिनेट बितेपछी आउने परीक्षार्थी परीक्षामा बस्न पाउने छैन ।
३. परीक्षा सुरु भएको ३० मिनेट ब्यतित नभएसम्म भवनबाट बाहिर जान पाइने छैन ।
४. परीक्षा हलमा किताब, कापी, कागत, चिट, मोबाइल आदि परीक्षा हलमा ल्याउन पाइने छैन ।
५. परीक्षार्थीले उत्तरपुस्तिकामा आफूलाई चिनाउने कुनै पनि संकेत गरेमा निजको परीक्षा भवनबाट निश्कासन गरिनेछ ।
६. परीक्षा भवनमा अनुचित कार्य गर्न पाइने छैन । त्यस्तो गरिएको पाइएमा परीक्षा भवनबाट निश्कासन गरिनेछ ।
७. आफूले परीक्षा दिएको दिनमा अनिवार्य रुपमा हाजिरी गर्नु पर्नेछ । हाजिरी हुन छुट भएमा उत्तरपुस्तिका परीक्षण गरिने छैन ।
८. एउटा उम्मेद्वारले अर्को उम्मेद्वारको उत्तरपुस्तिकाबाट नक्कल गरेको पाइएमा नक्कल गर्ने र नक्कल गर्न दिने दुबै परीक्षार्थी परीक्षा हलबाट निस्कासन गरिने छ ।

**स्वीकृत मितिः- २०८१।११।२९**

**प्रमाणिकरण मितिः- २०८१।११।२९**

**आज्ञाले**

**राज कुमार केसी**
**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिकाबाट प्रकाशित मुल्य रु.२०/-**